निर्णयहरु

**निर्णय नं.१.** चालु आर्थिक वर्षका लागि स्वीकृत कार्यक्रम र आयोजनाहरुको कार्यान्वयन लगायतका कार्यसम्पादनको विषयमा सम्बन्धित सचिवहरुबाट प्रस्तुत भई समिक्षा गरियो।

**निर्णय नं.२.** गण्डकी प्रदेश सरकारबाट स्वीकृत शासकीय क्षमता अभिवृद्धि तथा सेवा प्रवाहमा सुधार सम्बन्धी प्रतिवेदनमा उल्लेख भएका कार्ययोजना बमोजिमका कार्यहरु सम्बन्धित मन्त्रालयले प्राथमिकताका साथ कार्यान्वयन गर्ने।

**निर्णय नं.३.** गण्डकी प्रदेश सरकारले सञ्चालनमा ल्याएको Online Monitoring System मा मन्त्रालयहरुको विवरण र प्रगति निरन्तर रुपमा अद्यावधिक गर्ने।

**निर्णय नं.४.** गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७९/११/२१ गते स्वीकृत भएको मितव्ययिता कायम गर्न अवलम्बन गर्ने नीतिहरु सबै मन्त्रालय, निकाय, कार्यालयहरुले कार्यान्वयन गर्ने।

**निर्णय नं.५.** गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ जारी भई ऐन अनुसार नियमावली निर्माणका लागि कानून सचिव श्री शम्भु राज रेग्मीको नेतृत्वमा गठित नियमावली मस्यौदा समितिले काम गरिरहेकोले नियमावलीमा समेट्नु पर्ने विषयहरुको सम्बन्धमा सबै मन्त्रालयहरुले मिति २०७९ चैत १० गते भित्र सुझाव उपलब्ध गराउने।

**निर्णय नं.६.** स्वीकृत वार्षिक कार्यक्रम अन्तरगतका आयोजनाहरु सञ्चालन गर्दा आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहसँग समेत समन्वय गरी सञ्चालन गर्ने।

**निर्णय नं.७.** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट गरिएका पत्राचार र परिपत्रहरुको कार्यान्वयन भएको जानकारी समयमै गराउने।

२०७९।१२।५

प्रमुख सचिव

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल